# गंगाजमुना राजपत्र

**गंगाजमुना गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः ३) धादिङ, असार १० गते, २०७७ साल (संख्याः १**

# भाग - १

## स्थानीय सरकार

# गंगाजमुना गाउँपालिका

**फुलखर्क, धादिङ, बागमती प्रदेश, नेपालको**

**सूचना**

गंगाजमुना गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७७ सालको ऐन नं. १**

खण्डः ३) धादिङ, असार १० गते, २०७७ साल (संख्याः १

# गंगाजमुना गाउँपालिकाको विनियोजन ऐन, २०७७

**प्रस्तावनाः**

गंगाजमुना गाउँपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गंगाजमुना गाउँपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ।

(२) यो ऐन गाउँ सभाबाट स्वीकृत भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: आर्थिक वर्ष २०७७/०७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ म उल्लेखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु ५२,९९,६५,४५६/- (अक्षरेपी बाउन्न करोड उनान्सय लाख पैसठ्ठी हजार चार सय छपन्न रुपैया)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त गाउँ कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

# अनुसूची - १

(ऐनको दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## आ.व. ०७७/०७८ को क्षेत्रगत बजेट सांराश

| सि.नं. | आ.व. ०७७/७८ को आय अनुमान | | सि.नं. | आ.व. ०७७/७८ को व्यय अनुमान | |
|---|---|---|---|---|---|
| | आय शीर्षक | रकम (रु हजारमा) | | व्यय शीर्षक | विनियोजित रकम (रु हजारमा) |
| १ | गाउँपालिका आन्तरिक आम्दानी | १२९५६ | १ | चालु खर्च तर्फ | ५०४७८ |
| २ | संघीय राजश्व बाँडफाँड | ७२१११.४५६ | २ | सडक, खानेपानी तथा संघ संस्था साझेदारी | ६९८७९.४५६ |
| ३ | संघीय समानीकरण | १२५९०० | ३ | शिक्षा, युवा तथा खेलकुद | १०६६८ |
| ४ | प्रदेश राजश्व बाँडफाँड | १२७०४ | ४ | स्वास्थ्य | १५१९० |
| ५ | प्रदेश समानीकरण | १०००४ | ५ | सुशासन तथा संस्थागत विकास | ८६६० |
| ६ | रोयल्टी बाँडफाँडबाट प्राप्त रकम(संघ) | ० | ६ | पर्यटन विकास तर्फ | ९२०० |

| सि.नं. | आ.व. ०७७/७८ को आय अनुमान | | सि.नं. | आ.व. ०७७/७८ को व्यय अनुमान | |
|---|---|---|---|---|---|
| | आय शीर्षक | रकम (रु हजारमा) | | व्यय शीर्षक | विनियोजित रकम (रु हजारमा) |
| ७ | गत आ.व.को क्रमागत योजनाको भुक्तानी हुन बाँकी | ३१५१० | ७ | महिला बालबालिका तथा ज्येष्ठ नागरिक तर्फ | ४१९० |
| ८ | गत आ.व.को मौजदात | १३४९० | ८ | कला, सांस्कृतिक प्रवर्द्धन तर्फ | २१०० |
| | | | ९ | उद्योग, वन, वातावरण तथा विपद् व्यवस्थापन | ७७०० |
| | | | १० | कृषि विकास तर्फ | ५९०० |
| | | | ११ | पशु विकास तर्फ | ३६५० |
| | | | १२ | न्यायिक समिति तर्फ | १५५० |
| | | | १३ | गत आ.व.को क्रमागत योजनाको भुक्तानी हुन बाँकी | ३१५१० |
| | | | १४ | वडागत बजेट (वडा नं. १, २, ३ र ४ का लागि रु ७०/७० लाख र वडा नं. ५, ६ र ७ का लागि रु १/१ करोड) | ५८००० |
| | जम्मा (क) | २७८६७५.४५६ | | जम्मा (क) | २७८६७५.४५६ |

| सि.नं. | आ.व. ०७७/७८ को आय अनुमान | | सि.नं. | आ.व. ०७७/७८ को व्यय अनुमान | |
|---|---|---|---|---|---|
| | आय शीर्षक | रकम (रु हजारमा) | | व्यय शीर्षक | विनियोजित रकम (रु हजारमा) |
| १ | संघीय सशर्त अनुदान | १९९००० | १ | संघीय सशर्त अनुदान | १९९००० |
| २ | संघीय समपुरक | ३३०० | २ | संघीय समपुरक | ३३०० |
| ३ | प्रदेश सशर्त अनुदान | २८१३९ | ३ | प्रदेश सशर्त अनुदान | २८१३९ |
| ४ | प्रदेश विशेष अनुदान | ३५०० | ४ | प्रदेश विशेष अनुदान | ३५०० |
| ५ | प्रदेश समपुरक अनुदान | १७३५१ | ५ | प्रदेश समपुरक अनुदान | १७३५१ |
| | **जम्मा (ख)** | **२५१२९०** | | **जम्मा (ख)** | **२५१२९०** |
| | **कुल जम्मा (क + ख)** | **५२९९६५.४५६** | | **कुल जम्मा (क + ख)** | **५२९९६५.४५६** |

प्रमाणीकरण मितिः २०७७/०३/१०

आज्ञाले,

विनोद रोका

प्रमुख प्रशासकीय अधिकृत